नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड
बबरमहल, काठमाडौं

पत्र संख्या: ०८०८१।०८१
चनः. ११३२

मितिः २०८०।१२।०१

विषयः सहभुक्तानी (Co-Payment) को नयाँ व्यवस्था सम्बन्धमा ।

श्री सेवा प्रदायक स्वास्थ्य संस्थाहरू,
स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध सबै ।

प्रस्तुत विषयमा मिति २०८०।०८।२७ गतेको बोर्ड बैठकबाट स्वीकृत भई लागु भएको स्वास्थ्य बीमा कार्यक्रममा सहभुक्तानी प्रणाली लागु गर्ने कार्यविधि, २०८० मा मिति २०८०।११।२४ को बोर्ड बैठकबाट तपसिल बमोजिम प्रथम संशोधन भएकोले सोही बमोजिमको व्यवस्था मिति २०८१ बैशाख १ गते देखि लागु गर्न सबै सेवा प्रदायक स्वास्थ्य संस्थालाई जानकारीका लागि अनुरोध छ । संशोधित कार्यविधि स्वास्थ्य बीमा बोर्डको वेभसाईटमा प्रकाशित गरिएको छ।

तपसिल

| हालको व्यवस्था | संशोधन भएको व्यवस्था |
|---|---|
| ५. सहभुक्तानी व्यवस्था लागु नहुने अस्पताल वा सेवा प्रदायकहरू<br>२) २५ शैया सम्मका सरकारी अस्पतालहरू | ५. सहभुक्तानी व्यवस्था लागु नहुने अस्पताल वा सेवा प्रदायकहरू<br>२) १५ शैया सम्मका आधारभूत अस्पतालहरु |
| ६. सहभुक्तानी व्यवस्था लागु हुने अस्पतालहरु<br>(१) संघीय अस्पताल<br>(२) २५ शैया माथिका प्रादेश/प्रादेशिक अस्पताल<br>(३) सबै नीजि वा सामुदायिक अस्पतालहरू | ६. सहभुक्तानी व्यवस्था लागु हुने अस्पतालहरु<br>(१) बिसेशज्ञ सेवा उपलब्ध भएका आधारभूत अस्पतालहरु<br>(२) सबै प्रदेशअस्पतालहरु, प्रादेशिकअस्पतालहरु, संघिय/केन्द्रीय/शिक्षण अस्पतालहरु<br>(३) सबै निजि, सहकारी, समुदायीक अस्पतालहरु, मेडिकल कलेज अस्पतालहरु |
| दफा ६ मा ६(क) थप भएको व्यवस्था | ६(क) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सरकारी बाहेकका अस्पतालहरूको हकमा २०% (बीस प्रतिशत) सहभुक्तानी लागु हुनेछ । |

(शोभित रिजाल)
शाखा अधिकृत

Scanned with CamScanner